३. खिरेपानी जाने बाटो र खोल्सीको संगमदेखि सोही बाटो हुँदै बसपार्कको समि चौतारासम्म ।

४. नं. ३ देखि पूर्व पक्की सडक हुँदै सडकको केन्द्रबाट २० मीटर छोडेर शक्ति मा. वि. जाने बाटोसम्म ।

५. नं. ४ बाट शक्ति मा. वि. हुँदै पाटेचौर जाने ठाडो बाटोसम्म ।

आज्ञाले,
रमेशजंग थापा
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## सञ्चार मन्त्रालयको

## सूचना १

### रेडियो प्रसार सेवा विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०४६

रेडियो प्रसार सेवा विकास समिति (गठन) आदेश, २०४१ मा संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "रेडियो प्रसार सेवा विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०४६" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. रेडियो प्रसार सेवा विकास समिति (गठन) आदेश, २०४१ को दफा २ मा संशोधनः रेडियो प्रसार सेवा विकास समिति (गठन) आदेश, २०४१ (यसपछि "मूल आदेश" भनिएको) को दफा २ को,

(१) उपदफा (२) को खण्ड (ख), (ग), (घ) र (ङ) मा रहेको "सह-सचिवस्तर" भन्ने शब्दहरू झिकिएका छन् ।

(२) उपदफा (२) को खण्ड (६) मा रहेको "व्यवस्थापक" भन्ने शब्दको सट्टा "कार्यकारी निर्देशक" भन्ने शब्दहरू राखिएका छन्।

३. मूल आदेशको दफा ७ मा संशोधनः मूल आदेशको दफा ७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः–

"(१) रेडियो प्रसार सेवाको कार्यकारी निर्देशक श्री ५ को सरकारबाट नियुक्ति हुनेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।